# म आनन्दले पुलकित भएँ

**गोविन्दराज भट्टराई**

शनिबारको दिन थियो । स्कूल छुट्टी थियो । बिहान खाना खाइसकेपछि हामीले आकासतिर हेऱ्यौँ । गाउँभरि कसैका हातमा घडी थिएन । आकासमा घाम एक जुवा चढेका थिए । कलिला उमेरका चारपाँच जना साथी बरडाँडामा जम्मा भयौँ र पाखैपाखा ओरालो झऱ्यौँ । मङ्सिरको अन्तिम दिन थियो । खेतमा धान उठाइसकेको र बारीमा कोदो टिपिसकिएको थियो । खेतबारी दुबैतिर नरुवाका ठूटा मात्र थिए । पाँचथर सदरमुकामबाट करिब डेढ दिन पैदल दूरीमा रहेको च्याङथापूमा मैले आजभन्दा करिब ४२ वर्षअघि (२०१९ सालतिर) भोगेको प्रसङ्ग खोतल्दै छु म । त्यस्तै सातआठ वर्षको हुँदो हुँ म ।

जङ्गलैजङ्गल हामी ओरालो बाटो लाग्यौँ । जङ्गलभित्र घाम नछिर्ने हुँदा सम्पूर्ण बाटो ओसिलो थियो । पात्लेका बूढा रुखहरू झ्याउ पलाएर ढाकिएका थिए, ढाल्नेका रुखहरू, मौवा, लाँकुरी र चिलाउनेका बूढा रुखहरू त्यसैगरी बाटाको दुवैतिर उभिएका थिए । उनिउँघारी र खरुकीले भित्ताहरू भरिएका थिए । आज ठूलाघर दाईं थियो, ठूलाघर रेडियो बाजा किनेको एक महिना पुगिसकेको थियो ।

स्कूलमा पनि ठूलाघरमा डाँडापारिदेखि रेडियो ल्याएको छ भन्ने सुनेका थियौँ, गाउँमा पनि त्यो कुरा सुनेका थियौँ । त्यसैले आज ठूलाघरको रेडियो बाजा सुन्ने रहर थियो । त्यसलाई छेउमै गएर हेर्ने रहर थियो । अझ मौका परेछ भने त्यसलाई आफ्नै हातले छुने रहर पनि थियो । तर टाढैबाट हेर्न सुन्न पाइए पनि छुन पाइँदैन होला जस्तो लाग्यो । भन्थे– "त्यसलाई प्रधानपञ्चले सधैँ सँगै भिरेका हुन्छन् ।" भन्थे– "उनका छोराछोरीले समेत कसैले छुन पाउँदैनन् ।"

गोपी, म, टीके र बालु उडेको उडचै पाखैपाखा तल झऱ्यौँ । त्यस बेला हाम्रालागि जुत्ता चप्पलको कल्पना गर्न सकेका थिएनौँ । आज कालीदहतिर पौडी खेल्न नजाने, आज जङ्गलतिर लप्सी खोज्न नजाने, आज चौरतिर पाङ्ग्रा हान्न नजाने, आज दाईंमा गोरु धपाउने, रेडियो सुन्ने र उसिनेको तरुल खाने- हामीले निधो गरेका थियौँ ।

हामी उडेर खलेगरामा पुग्यौँ । हिउँदको दिनमा पनि कन्सिरीबाट पसिना चुहिन थालेका थिए, गालाबाट रगत चुहेलाजस्तो भएको थियो । खलेगरामा दसओटा गोरु घुमिरहेका थिए, दयाँरेहरू पराल छिरोलिरहेका थिए । दसपन्ध्र जना मानिस खलाको छेउमा पराल ओछ्याएर बसेका थिए । तिनीहरूका बीचमा थिए ठूलाघरे । उनलाई सबै प्रधान भन्थे । यद्यपि उनी प्रधानपञ्च थिए । स-सानो आकारको कालो रेडियो प्रधानका काखमा थियो । त्यसको लामो सुइरो आकासतिर फर्केको थियो । बेलाबेला उनी त्यसको हातो बटार्थे । नबुझिने आवाजहरू आपसमा ठोकिन्थे । 'बेन्ड्' घुमाउनु पर्छ भन्थे । नेपाली गीत आएजस्तो लाग्यो । त्यसपछि नबुझिने आवाज र स्याँ ... गरेको आवाज सुनियो । तर हामी विचित्रको अनुभव गरिरहेका थियौँ । हामीलाई ठूला मान्छेले छेलेका थिए, तिनीहरूका च्यापमा टाउको घुसारेर हेऱ्यौँ– सेतो सिन्कोजस्तो वस्तु रेडियोको सिसाभित्र वर र पर सरिरहेको देख्यौँ, त्यहाँ अक्षर र अङ्क छापिएका थिए । तर हामीले त्यति नियालेर राम्ररी हेर्न पाएनौँ । केटाकेटीलाई यस्ता महत्त्वपूर्ण कुरामा परपरै ठेल्ने गर्थे । ठूलाहरूले प्रधानलाई घेरेका थिए ।

रेडियोले दयाँरेलाई निकै अल्मल्याएको देखेर प्रधानकी आमा कराइन् । त्यसपछि 'बेटरी सकिन्छ धेरैबेर बजाउँदा' भन्दै प्रधानले रेडियो मारे, अनि त्यसलाई कपडाको राम्रो झोलामा हाले, काने बिर्को लगाए र भित्तामा गाडिएको खाँबाको चोकेमा सिउरिए ।

त्यति नजिकबाट रेडियो हेरेको अथवा झण्डै छुन पाएको त्यो पहिलो अवसर थियो । त्यसो त मलायाबाट फर्कने भर्तीवालाले रेडियो बजाउँदै हिँडेको टाढैबाट देखेका थियौँ, जगात बजारमा पनि एकदमै ठूलो काठको बाकस भित्ताको

खोपाजस्तो ठाउँमा राखेको थियो । त्यो बाकस बज्यो । त्यो बजेको देख्ता मामाहरू भन्थे– “त्यसभित्र सानो मान्छे लुकेर बसेको हुन्छ, त्यही बोल्छ ।” त्यो सुन्दा हामीलाई पत्यार लाग्थ्यो र आश्चर्य पनि । तर रेडियोलाई नजिकबाट हेर्न पाएका थिएनौँ ।

मैले आफ्ना हातैले रेडियो छोएको धेरै पछि हो । २०२३ सालमा झापा झरेपछि घैलाडुब्बा हाइस्कूलमा म पढ्थेँ । एकजना लाहुरेको छोरो पनि हाम्रो साथी थियो । उसको नाम थियो धनकुमार गुरुङ्ग । एउटा शनिबार छुट्टीको दिन पारेर धनकुमार हाम्रो छात्रावासमा आयो । हिउँदको बेला दिउँसोमास धनकुमारलाई देखेर हामी खुसी भयौँ । नुहाइधुवाइ सकेर हामी दसपन्ध्र जना विद्यार्थी इनारको वरिपरि बसिरहेका थियौँ । त्यसैबेला उसले झोलाबाट एउटा स-सानो आकारको खैरो रङ्गको रेडियो झिकेर बजायो । हामी वरिपरि बसेर धनकुमारले देखाएको चमत्कार हेर्न र सुन्न थाल्यौँ । त्यहाँ भएका एकदुई धनी मानिसको घरमा रेडियो थियो होला । तर मैले आफ्नै हातले रेडियो छोएको थिइनँ । त्यो दिन त्यो रेडियो छुन पाए हुन्थ्यो भन्ने तीव्र इच्छा जागेर आयो र मैले धनकुमारलाई प्रश्न गरेँ– “यो कसरी बन्द गर्ने ?” नभन्दै उसले मेरै हात समातेर यसरी बन्द गर्ने, यसरी खोल्ने भनी सिकायो । म हर्षले पुलकित भएँ । त्यही साल मैले आफनो फोटो खिचाएँ, त्यही साल दाताराम सरले अम्रिकादेखि ल्याएको टेपरिकर्डरमा आफ्नै आवाज बजेको सुनेँ, त्यही साल हिउँदभरि बजारमा रामलीला लागेको हेरेँ र त्यही साल पहिलोपल्ट स्कूलका चौरमा डकुमेन्ट्री फिल्ममा मान्छे बोलेको, हिँडेको देखेँ । पुसमाघको बेला थियो । नाङ्गो चौरमा सयौँ मानिस भेला भएका थिए । राती अबेरसम्म नाक, कान र शिरलाई शीतले छपक्क ढाकिञ्जेल चौरमा उभिएर कपडाको पर्दामा मान्छे हिँडेको बोलेको देख्न पायौँ । आश्चर्य लाग्यो र त्यो साल म हर्षले पुलकित भएँ ।